दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

दंगीशरण गाउँपालिका दंगीशरण गाउँ कार्यपालिकाको कार्यालय हेकुली, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

## दंगीशरण गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम ९ (१) बमोजिमको कार्यपालिका बैठकको कार्यसूची बुझेको भरपाई

बैठक संख्याः ४/२०८२/०८३ मितिः २०८२/०७/२८

बैठक बस्ने स्थानः दंगीशरण गाउँपालिकाको सभा हल, हेकुली, दाङ समयः दिनको १.०० बजे

| क्र.सं. | कार्यसूचि | प्रस्तावक | प्रस्ताव पेश गर्नुको कारण | कैफियत |
|---|---|---|---|---|
| १ | करार सेवाका कर्मचारीहरूको करार अवधि थप सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| २ | आर्थिक सहायता सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ३ | नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा बिक्रीका लागि बोलपत्र आह्वान सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ४ | दंगीशरण गाउँपालिकाको खर, खपडा, टायलको छाना विस्थापन कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधि-२०८२ स्वीकृति सम्बन्धमा | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ५ | मृतक कर्मचारीलाई राहत सहयोग सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ६ | जेन-जेड आन्दोलनमा क्षति भएका कार्यालयहरूलाई सामाग्री सहयोग सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ७ | विविध। | श्री शम्भु गिरी | निर्णयार्थ | |

### प्रस्ताव बुझेको भरपाई

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री पिमा कुमारी वली खड्का | उपाध्यक्ष | |
| २. | श्री रमेश भण्डारी | वडाध्यक्ष | |
| ३. | श्री डम्बर खत्री | वडाध्यक्ष | |
| ४. | श्री सुकलाल चौधरी | वडाध्यक्ष | |
| ५. | श्री कमल थारू | वडाध्यक्ष | |
| ६. | श्री निरज बस्नेत | वडाध्यक्ष | |
| ७. | श्री रोशन जङ्ग शाह | वडाध्यक्ष | |
| ८. | श्री रेशम बहादुर वली | वडाध्यक्ष | |
| ९. | श्री मिना चौधरी | कार्यपालिकासदस्य | |
| १०. | श्री दुर्पति थरूनी | कार्यपालिकासदस्य | |

| | | | |
|---|---|---|---|
| ११. | श्री टंकी भण्डारी | कार्यपालिकासदस्य | |
| १२. | श्री चन्दा योगी | कार्यपालिकासदस्य | |
| १३. | श्री कृष्ण कामी | कार्यपालिकासदस्य | |
| १४. | श्री सितारा नेपाली | कार्यपालिकासदस्य | |

दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

दंगीशरण गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम ९ (१) बमोजिम कार्यपालिका बैठकको

कार्यसूची

मितिः २०८२/०७/३०

बैठक संख्याः ४/२०८२/०८३

समयः दिनको १.०० बजे

बैठक बस्ने स्थानः दंगीशरण गाउँपालिकाको सभा हल, हेकुली, दाङ

| क्र.सं. | कार्यसूचि | प्रस्तावक | प्रस्ताव पेश गर्नुको कारण | कैफियत |
|---|---|---|---|---|
| १ | करार सेवाका कर्मचारीहरूको करार अवधि थप सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| २ | आर्थिक सहायता सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ३ | नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा बिक्रीका लागि बोलपत्र आह्वान सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ४ | दंगीशरण गाउँपालिकाको खर, खपडा, टायलको छाना विस्थापन कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधि-२०८२ स्वीकृति सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ५ | मृतक कर्मचारीलाई राहत सहयोग सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ६ | जेन-जेड आन्दोलनमा क्षति भएका कार्यालयहरूलाई सामाग्री सहयोग सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ७ | विविध।<br>(क) फुर्केसल्ली सडक मर्मतको लागि नपुग रकम थप गर्ने सम्बन्धमा।<br>(ख) मौसमजन्य विपदबाट घर क्षति भएका परिवारलाई राहत रकम उपलब्ध गराउने सम्बन्धमा।<br>(ग) गाडी भाडामा लिने सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |

प्रस्ताव प्रमाणित गर्नेको नामः शम्भु गिरी

पदः अध्यक्ष

दस्तखतः

शम्भु गिरी
अध्यक्ष

दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ
लुम्बिनी प्रदेश, नेपाल

**बैठक नं. ४/२०८२/०८३**

**बैठक बसेको मिति**: २०८२/०७/३०
**बैठक बसेको स्थान**: दंगीशरण गाउँपालिकाको सभा हल

आज मिति २०८२/०७/३० गतेका दिन दंगीशरण गाउँपालिकाका अध्यक्ष श्री शम्भु गिरीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका सदस्यहरूको उपस्थितिमा दंगीशरण गाउँ कार्यपालिकाको बैठक बसी सर्वसम्मतिबाट निर्णय पारित गरियो ।

**उपस्थिति**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री शम्भु गिरी | अध्यक्ष | |
| २. | श्री पिमा कुमारी वली खड्का | उपाध्यक्ष | |
| ३. | श्री कर्ण बहादुर नेपाली | सचिव | |
| ४. | श्री रमेश भण्डारी | वडाध्यक्ष | |
| ५. | श्री डम्बर खत्री | वडाध्यक्ष | |
| ६. | श्री सुकलाल चौधरी | वडाध्यक्ष | |
| ७. | श्री कमल थारू | वडाध्यक्ष | |
| ८. | श्री निरज बस्नेत | वडाध्यक्ष | |
| ९. | श्री रोशन जङ्ग शाह | वडाध्यक्ष | |
| १०. | श्री रेशम बहादुर वली | वडाध्यक्ष | |
| ११. | श्री मिना चौधरी | कार्यपालिका सदस्य | |
| १२. | श्री दुर्पति थरूनी | कार्यपालिका सदस्य | |
| १३. | श्री टंकी भण्डारी | कार्यपालिका सदस्य | |
| १४. | श्री चन्दा योगी | कार्यपालिका सदस्य | |
| १५. | श्री कृष्ण कामी | कार्यपालिका सदस्य | |
| १६. | श्री सितारा नेपाली | कार्यपालिका सदस्य | |

## मिति २०८२ साल कार्तिक ३० गते बसेको कार्यपालिका बैठकका निर्णयहरू

दंगीशरण गाउँपालिका कार्यपालिकाको कार्यालय हेकुली, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

**प्रस्ताव नं. १**

करार सेवामा रहेका कर्मचारीहरूको करार अवधि थप गर्ने सम्बन्धमा।

**प्रस्तावको संक्षिप्त व्यहोरा:** दंगीशरण गाउँपालिकाको आन्तरिक श्रोतबाट पारिश्रमिक भुक्तानी हुने गरी करार सेवामा लिइएका कर्मचारीहरूको करार सेवा अवधि थप गर्नु पर्ने भएकोले ।

**हुनु पर्ने निर्णय:** श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. २०८२/०८३ च.नं. ९६ मिति २०८२ कार्तिक २१ गतेको पत्र तथा श्री अर्थ मन्त्रालयको मिति २०८२/०६/०७ गतेको विज्ञप्ति अनुसार प्राप्त निर्देशन बमोजिम यस कार्यालयमा स्वीकृत दरबन्दीभन्दा बढी भएका करार सेवाका कर्मचारीहरूलाई अवकाश दिन परिपत्र भएको भएतापनि हाल कार्यालयको कार्यचाप तथा अत्यावश्यक सेवाहरू सुचारू राख्न आवश्यक भएका शाखा तथा कार्यालयहरूमा जनशक्ति थप गर्न अत्यावश्यक भएको हुँदा देहायबमोजिमका कर्मचारीहरूलाई दंगीशरण गाउँपालिकाको आन्तरिक श्रोतबाट पारिश्रमिक भुक्तानी हुने गरी आगामी ३ (तीन) महिनाको लागि करार अवधि थप गर्ने साथै करार सेवामा लिइएका चिकित्सक, स्वास्थ्यकर्मी, नर्सिङ्ग कर्मचारी, कार्यालय सहयोगी, सरसफाईकर्मी, चालकहरूलाई साविक बमोजिम कै सेवा सुविधामा रहने गरी २०८२ साल कार्तिक महिनाको १ गतेदेखि लागु हुने गरी बढीमा ३ (तीन) महिनाको लागि करार सम्झौताको अवधि थप गर्ने।

**दरबन्दीभन्दा बढी भएका करार सेवाका कर्मचारीहरू**

| क्र.सं. | कर्मचारीको नाम, थर | पद | तह | कार्यरत शाखा |
|---|---|---|---|---|
| १ | श्री प्रमोद आचार्य | कम्प्युटर अपरेटर | पाँचौ | प्रशासन |
| २ | श्री पुजा चौधरी | सि.बि.आर. सहजकर्ता | पाँचौ | महिला, बालबालिका तथा समाजकल्याण |
| ३ | श्री सन्तोष चौधरी | रोजगार सहायक | पाँचौ | रोजगार सेवा केन्द्र |
| ४ | श्री पवित्रा के.सी. | प्रशासन सहायक | चौथो | वडा नं. ५ को कार्यालय |
| ५ | श्री दिपेन्द्र शाह | अमिन | चौथो | पूर्वाधार शाखा |

**तपसिल**

| क्र.सं. | नाम, थर | पद | तह | कार्यरत कार्यालय |
|---|---|---|---|---|
| १ | डा. निश्चल न्यौपाने | मेडिकल अधिकृत | आठौं | दंगीशरण आधारभूत अस्पताल |
| २ | श्री दिलमाया खत्री | स्टाफ नर्स | पाँचौ | दंगीशरण आधारभूत अस्पताल |
| ३ | श्री नेत्रमाला वली | स्टाफ नर्स | पाँचौ | दंगीशरण आधारभूत अस्पताल |
| ४ | श्री तोफा डाँगी | फार्मेसी सहायक | पाँचौ | दंगीशरण आधारभूत अस्पताल |
| ५ | श्री जयबहादुर चौधरी | ल्याव असिष्टेन्ट | चौथो | हेकुली स्वास्थ्य चौकी |
| ६ | श्री मोहन चौधरी | ल्याव असिष्टेन्ट | चौथो | दंगीशरण आधारभूत अस्पताल |
| ७ | श्री राजेन्द्र चौधरी | अ.हे.व. | चौथो | आधारभूत स्वास्थ्य सेवा केन्द्र, नन्द्रागाउँ |
| ८ | श्री प्रतिक्षा पुन | अ.न.मी. | चौथो | आधारभूत स्वास्थ्य सेवा केन्द्र, मौली |
| ९ | श्री सुनिता गिरी | अ.हे.व. | चौथो | हेकुली स्वास्थ्य चौकी |

**गाउँ कार्यपालिकाको**
**बैठक संख्या:** ४।२०८२।०८।३
**मिति** २०८२।०८।३०**को**
**निर्णय प्रमाणित।**

(हस्ताक्षर) २०८२।८।१२

कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| १० | श्री रचना बस्नेत | अ.न.मी. | चौथो | आधारभूत स्वास्थ्य सेवा केन्द्र, नन्द्रागाउँ |
| ११ | श्री जानकी थापा | ल्याव असिष्टेन्ट | चौथो | गोल्टाकुरी स्वास्थ्य चौकी |
| १२ | श्री विष्णु के.सी. | अ.हे.व. | चौथो | दंगीशरण आधारभूत अस्पताल |
| १३ | श्री बिमला न्यौपाने | अ.न.मी. | चौथो | दंगीशरण आधारभूत अस्पताल |
| १४ | श्री सञ्जय धिताल | अ.हे.व. | चौथो | आधारभूत स्वास्थ्य सेवा केन्द्र, बुटनिया |
| १५ | श्री भावना खड्का | अ.न.मी. | चौथो | आधारभूत स्वास्थ्य सेवा केन्द्र, बुटनिया |
| १६ | श्री रेनुका चौधरी | अ.न.मी. | चौथो | सामुदायिक स्वास्थ्य इकाई, फुर्केसल्ली |
| १७ | श्री पूर्ण चौधरी | कार्यालय सहयोगी | श्रेणीविहिन | गाउँ कार्यपालिकाको कार्यालय |
| १८ | श्री तारा सुनार | कार्यालय सहयोगी | श्रेणीविहिन | दंगीशरण वडा नं. ५ को कार्यालय |
| १९ | श्री राजेश चौधरी | कार्यालय सहयोगी | श्रेणीविहिन | दंगीशरण वडा नं. ३ को कार्यालय |
| २० | श्री सुशिला चौधरी | कार्यालय सहयोगी | श्रेणीविहिन | दंगीशरण वडा नं. १ को कार्यालय |
| २१ | श्री रमा चौधरी | कार्यालय सहयोगी | श्रेणीविहिन | दंगीशरण वडा नं. ४ को कार्यालय |
| २२ | श्री रेशम चौधरी | कार्यालय सहयोगी | श्रेणीविहिन | दंगीशरण वडा नं. ७ को कार्यालय |
| २३ | श्री पूर्णबहादुर थारू | कार्यालय सहयोगी | श्रेणीविहिन | कृषि तथा पशु सेवा शाखा |
| २४ | श्री हिरा खत्री | कार्यालय सहयोगी | श्रेणीविहिन | दंगीशरण वडा नं. २ को कार्यालय |
| २५ | श्री माया कुमारी चौधरी | कार्यालय सहयोगी | श्रेणीविहिन | गोल्टाकुरी स्वास्थ्य चौकी |
| २६ | श्री उबा चौधरी | कार्यालय सहयोगी | श्रेणीविहिन | हेकुली स्वास्थ्य चौकी |
| २७ | श्री सिता विष्ट | कार्यालय सहयोगी | श्रेणीविहिन | दंगीशरण आधारभूत अस्पताल |
| २८ | श्री जानकी हमाल | कार्यालय सहयोगी | श्रेणीविहिन | दंगीशरण आधारभूत अस्पताल |
| २९ | श्री बासुदेव चौधरी | कार्यालय सहयोगी | श्रेणीविहिन | दंगीशरण आधारभूत अस्पताल |
| ३० | श्री जानकी चौधरी | कार्यालय सहयोगी | श्रेणीविहिन | आधारभूत स्वास्थ्य सेवा केन्द्र नन्द्रागाउँ |
| ३१ | श्री चन्द्रप्रकाश चौधरी | कार्यालय सहयोगी | श्रेणीविहिन | आधारभूत स्वास्थ्य सेवा केन्द्र, मौली |
| ३२ | श्री रेशमबहादुर चौधरी | कार्यालय सहयोगी | श्रेणीविहिन | आधारभूत स्वास्थ्य सेवा केन्द्र, श्रीगाउँ |
| ३३ | श्री सुशिला चौधरी | कार्यालय सहयोगी | श्रेणीविहिन | आधारभूत स्वास्थ्य सेवा केन्द्र, रामपुर |
| ३४ | श्री टिकाराम चौधरी | ट्र्याक्टर चालक | श्रेणीविहिन | गाउँ कार्यपालिकाको कार्यालय |
| ३५ | श्री बिनोद चौधरी | हलुका सवारी चालक | श्रेणीविहिन | गाउँ कार्यपालिकाको कार्यालय |
| ३६ | श्री राजेन्द्र कोसम्या | स्वीपर | श्रेणीविहिन | गाउँ कार्यपालिकाको कार्यालय |
| ३७ | श्री रूपन्या चौधरी | सरसफाइकर्मी | श्रेणीविहिन | गाउँ कार्यपालिकाको कार्यालय |
| ३८ | श्री सलिना भण्डारी | कार्यालय सहयोगी | श्रेणीविहिन | सामुदायिक स्वास्थ्य इकाई, फुर्केसल्ली |
| ३९ | श्री कल्पना चौधरी | कार्यालय सहयोगी | श्रेणीविहिन | सामुदायिक स्वास्थ्य इकाई, प्रसडुवा |
| ४० | श्री प्रमिता थापा | सरसफाईकर्मी | श्रेणीविहिन | दंगीशरण आधारभूत अस्पताल |

**निर्णयः** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

गाउँ कार्यपालिकाको
बैठक संख्या: ४।२०८२।०८३
मिति २०८२।०८।२० को
निर्णय प्रमाणित।

कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. २**
आर्थिक सहायता सम्बन्धमा।

**प्रस्तावको संक्षिप्त व्यहोराः** दंगीशरण गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरूबाट सिफारिस भई आएका तथा गाउँ कार्यपालिकाको कार्यालयमा आर्थिक सहायताका लागि सोझै माग भइआएका व्यक्ति तथा संघसंस्थाहरूलाई माग र औचित्यका आधारमा आर्थिक सहायता उपलब्ध गराउनु पर्ने भएकोले।

**हुनु पर्ने निर्णयः** विभिन्न कारण खुलाई दंगीशरण गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरूबाट सिफारिस भई आएका तथा गाउँ कार्यपालिकाको कार्यालयमा सोझै निवेदन दिई आर्थिक सहायता माग गरेका तपसिलमा उल्लेखित व्यक्ति तथा संघसंस्थाहरूलाई कारण र औचित्यका आधारमा दंगीशरण गाउँपालिकाको आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि २०७५ अनुसार आर्थिक सहायता उपलब्ध गराउने।

तपसिल

| क्र.सं. | व्यक्ति वा संस्थाको नाम | ठेगाना | सहायता रकम | कारण | भुक्तानीको अवस्था |
|---|---|---|---|---|---|
| १ | श्री सशस्त्र प्रहरी बल, सुरक्षा बेस | दंगीशरण, दाङ | ८,०००/- | मौलो पुजा | नभएको |
| २ | श्री शान्ता चौधरी | दंगीशरण-७, दाङ | १०,०००/- | माटोको ढिस्कोमा पुरिएको | नभएको |
| ३ | श्री माया चौधरी | दंगीशरण-४, दाङ | १०,०००/- | मोटरसाइकल दुर्घटना | नभएको |
| ४ | श्री अमृता नेपाली | दंगीशरण-६, दाङ | १०,०००/- | मुटुको सल्यक्रिया | नभएको |
| ५ | श्री लक्ष्मी नेपाली | दंगीशरण-६, दाङ | १०,०००/- | खुट्टा भाँचिएको | नभएको |

**निर्णयः** भुक्तानी भइसकेकाहरूको भुक्तानी समर्थन गरि भुक्तानी हुन बाँकीहरूलाई भुक्तानी दिने।

दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लुम्बिनी प्रदेश, नेपाल २०७४

**प्रस्ताव नं. ३**
नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा बिक्रीका लागि बोलपत्र आह्वान सम्बन्धमा।

**प्रस्तावको संक्षिप्त व्यहोराः** दंगीशरण गाउँपालिकाको क्षेत्राधिकारभित्र पर्ने नदी तथा खोलाहरूबाट नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा आदि उत्खनन् गरी बिक्रिका लागि बोलपत्र आह्वान गर्नुपर्ने भएकोले।

**हुनु पर्ने निर्णयः** दंगीशरण गाउँपालिकाको क्षेत्राधिकारभित्र पर्ने प्रारम्भिक वातावरणीय परीक्षण सम्पन्न भएका तपसिलमा उल्लिखित नदी तथा खोलाहरूबाट नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा आदि उत्खनन् गरी बिक्री गर्नुपर्ने भएकोले प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनबाट सिफारिस भएको परिमाणमा नदीजन्य पदार्थ बिक्रीका लागि ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७, लुम्बिनी प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ को दफा ७ को उपदफा (२) बमोजिम बोलपत्र एवं शिलबन्दी दरभाउपत्र आह्वान गर्न स्वीकृति प्रदान गर्ने ।

गाउँ कार्यपालिकाको
बैठक संख्या: ४/२०८२/०८३
मिति २०८२/०८/१० को
निर्णय प्रमाणित।

कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत

**तपसिल**

| क्र.सं. | सङ्कलन/उत्खनन् स्थल | वडा नं. | मौजुदा परिमाण (घन मिटर) | उत्खनन् गर्न सकिने परिमाण (घन मिटर) | अक्षांश | देशान्तर |
|---|---|---|---|---|---|---|
| १ | कुइरीगनार क्षेत्र | २ | २५२० | २५२० | २८°३'१०.१३" | ८२°१३'५०.९९" |
| २ | बारबर्दिया क्षेत्र | २ | २५०० | २५०० | २८°५'१४.७५" | ८२°१०'०.९" |
| ३ | पातुखोला र बबई दोभान क्षेत्र | ४ | ८०१६ | ८०१६ | २८°४'१७.०७" | ८२°११'४२.३१" |
| ४ | बबई र चिराघाटको दोभान क्षेत्र | ६ | २५०० | २५०० | २८°५'१५" | ८२°९'५६.५६" |
| ५ | सिम्ठाना बबई घाट क्षेत्र (१) | ७ | ३७७६ | ३७७६ | २८°६'५६.५७" | ८२°७'१५.०९" |
| ६ | सिम्ठाना बबई घाट क्षेत्र (२) | ७ | २५०० | २५०० | २८°६'५४.७१" | ८२°७'२०.०६" |
| ७ | थपगाउँ क्षेत्र | ६ | २००० | २००० | २८°०५'४२" | ८२°९'०७.२" |
| ८ | माया दोभान क्षेत्र | ३ | ४५०० | ४५०० | २८°५.५'७९" | ८२°११'३.१२" |

**निर्णयः** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

दंगीशरण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

**प्रस्ताव नं. ४**

दंगीशरण गाउँपालिकाको खर, खपडा, टायलको छाना विस्थापन कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधि-२०८२ स्वीकृति सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोराः** संघीय सशर्त कार्यक्रम अन्तर्गत आ.व. २०८२/०८३ को वार्षिक कार्यक्रममा समावेश भएको खर, खपडा र टायलको छाना विस्थापन कार्यक्रम कार्यान्वयन गर्नको लागि कार्यविधि बनाई जारी गर्न आवश्यक भएकोले ।

**हुनु पर्ने निर्णयः** संघीय सशर्त कार्यक्रम अन्तर्गत आ.व. २०८२/०८३ को वार्षिक कार्यक्रममा समावेश भएको खर, खपडा र टायलको छाना विस्थापन कार्यक्रम कार्यान्वयन गर्नको लागि कार्यविधि बनाई लागु गर्न आवश्यक भएको हुँदा पूर्वाधार विकास समितिको मिति २०८२/०७/३० को बैठकबाट सिफारिस भई पेश हुन आएको दंगीशरण गाउँपालिकाको खर, खपडा, टायलको छाना विस्थापन कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधि-२०८२ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) तथा दंगीशरण गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ बमोजिम स्वीकृत गरी लागु गर्ने ।

**निर्णयः** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

गाउँ कार्यपालिकाको
बैठक संख्याः ४/२०८२/०८३
मिति २०८२/०८/३० को
निर्णय प्रमाणित।

कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. ५**
मृतक कर्मचारीलाई राहत सहयोग सम्बन्धमा।

**प्रस्तावको संक्षिप्त व्यहोराः** यस दंगीशरण गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत रहेको असिष्टेण्ट सव-इन्जिनियर दुर्गाबहादुर खड्काको असामयिक निधन भएकोले समवेदना प्रकट गर्नुका साथै राहत एवं किरिया खर्च उपलब्ध गराउनु पर्ने भएकोले ।

**हुनु पर्ने निर्णयः** यस दंगीशरण गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत रहेका असिष्टेण्ट सव-इन्जिनियर दुर्गाबहादुर खड्काको मिति २०८२ साल कार्तिक ४ गतेका दिन असामयिक निधन भएकोले स्वर्गीय आत्माको चीरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्ने। साथै तत्काल राहत एवं किरिया खर्च बापत नियमानुसार लाग्ने कर कटाई जम्मा रू. १,००,०००/- (अक्षरुपी एकलाख रूपैयाँ मात्र) मृतकको श्रीमतिको बैंक खातामा जाने गरी कर्मचारी कल्याण कोषबाट व्ययभार हुने गरी उपलब्ध गराउने।

**निर्णयः** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने।

**प्रस्ताव नं. ६**
जेन-जेड आन्दोलनमा क्षति भएका कार्यालयहरूलाई सामाग्री सहयोग सम्बन्धमा।

**प्रस्तावको संक्षिप्त व्यहोराः** गत २०८२ साल भाद्र २३ र २४ को जेन-जेड पुस्ताको आन्दोलनका क्रममा भएको आगजनिबाट तुलसीपुरमा रहेका सरकारी कार्यालयहरू पूर्णरूपमा क्षतिग्रस्त भई अत्यावश्यक सेवा अवरूद्ध भएकोले क्षति पुगेका कार्यालयहरूबाट सामग्री सहयोग माग भई आएकोले।

**हुनु पर्ने निर्णयः** गत २०८२ साल भाद्र २३ र २४ को जेन-जेड पुस्ताको आन्दोलनका क्रममा भएको आगजनिबाट तुलसीपुरमा रहेका सरकारी कार्यालयहरू पूर्णरूपमा क्षतिग्रस्त भई अत्यावश्यक सेवा अवरूद्ध भएकोले क्षति पुगेका तपसिलमा उल्लिखित कार्यालयहरूबाट सामग्री सहयोग माग भई आएको हुँदा अत्यावश्य सेवा सुचारू गर्न आवश्यक देखिएकोले माग बमोजिमको सामाग्रीहरू खरीद गरी उपलब्ध गराउने । साथै अघिल्लो बैठकमा निर्णय भएअनुसारका सामाग्रीहरू सम्बन्धित शिर्षकबाट नयाँ खरीद गरी उपलब्ध गराउने र आगामी हिउँदे अधिवेशनबाट बजेट व्यवस्था गर्ने।

**तपसिल**

१. श्री उच्च अदालत, तुलसीपुर, दाङ
   (क) ल्यापटप थान (डेल आई फाइव) -१
   (ख) प्रिन्टर थान (क्यानन) -१
   जम्मा रू. ७५,०००/- बराबरको सामाग्री

२. श्री उच्च सरकारी वकील कार्यालय, तुलसीपुर, दाङ
   (क) पिउने पानी छान्ने फिल्टर मेशीन थान -१
   (ख) फोटोकपी मेशीन थान (ब्रदर) -१
   जम्मा रू. ४५,०००/- बराबरको सामाग्री

गाउँ कार्यपालिकाको
बैठक संख्याः ४/२०८२/०८३
मिति २०८२/०८/३० को
निर्णय प्रमाणित।

५

३. श्री जिल्ला समन्वय समिति, दाङ

| | | |
|---|---|---|
| (क) डेस्कटप कम्प्युटर थान | -१ | जम्मा रू. ७५,०००/- बराबरको सामाग्री |
| (ख) प्रिन्टर थान | -१ | |

४. श्री इलाका प्रशासन कार्यालय, तुलसीपुर, दाङ

| | | |
|---|---|---|
| (क) डेस्कटप कम्प्युटर थान | -१ | जम्मा रू. ७५,०००/- बराबरको सामाग्री |
| (ख) प्रिन्टर थान | -१ | |
| (ग) अफिस टेबुल थान | -१ | |
| (घ) स्क्यानर थान | -१ | |
| (ङ) रिभल्भिङ्ग चेयर थान | -१ | |
| (च) दराज थान | -१ | |

५. श्री मालपोत कार्यालय, तुलसीपुर, दाङ

| | | |
|---|---|---|
| (क) डेस्कटप कम्प्युटर थान | -१ | जम्मा रू. ७५,०००/- बराबरको सामाग्री |
| (ख) प्रिन्टर थान | -१ | |
| (ग) अफिस कुर्सी थान | -३ | |
| (घ) अफिस दराज थान | -१ | |
| (ङ) अफिस टेबुल थान | -३ | |

**निर्णयः** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

**प्रस्ताव नं. ७**

विविध ।

(क) फुर्केसल्ली सडक मर्मतको लागि नपुग रकम थप गर्ने सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोराः** दंगीशरण गाउँपालिका वडा नं. १ बुर्केसालदेखि कालितरा सम्मको वर्षातको समयमा क्षतिग्रस्त फुर्केसल्ली सडक मर्मत सम्भार गर्दा विनियोजित रकम नपुग भई रकम थप गर्नुपर्ने भएकोले।

**हुनु पर्ने निर्णयः** गत वर्षातको समयमा क्षतिग्रस्त भई आवागमन बन्द भएको दंगीशरण गाउँपालिका वडा नं. १ बुर्केसालदेखि कालितरासम्मको फुर्केसल्ली सडक मर्मतका लागि मर्मत सम्भार शिर्षकबाट खर्च लेख्ने गरी रू. २,५०,०००/- गत बैठकबाट निर्णय भएकोमा सडक मर्मत गर्दा उक्त रकम नपुग भएकोले सोहि मर्मत सम्भार शिर्षकबाट खर्च लेख्ने गरी रू. ४५,०००/- (पैतालीस हजार रूपैयाँ मात्र) थप गर्ने ।

**निर्णयः** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

(ख) मौसमजन्य विपदबाट घर क्षति भएका परिवारलाई राहत रकम उपलब्ध गराउने सम्बन्धमा ।

गाउँ कार्यपालिकाको
बैठक संख्याः ४।२०८२।८३
मिति २०८२।०८।२०को
निर्णय प्रमाणित।



नेपाली

**प्रस्तावको संक्षिप्त व्यहोरा**: गत वर्षातको समयमा मौसमजन्य विपदबाट घर क्षति भएका परिवारहरूलाई तत्काल राहत स्वरूप रकम उपलब्ध गराउनु पर्ने भएकोले ।

**हुनु पर्ने निर्णय**: गत वर्षातको समयमा मौसमजन्य विपदबाट घरबास क्षति भएका तपसिल बमोजिमका व्यक्तिका परिवारहरूलाई विपद व्यवस्थापन समिति एवं प्रहरीको प्रतिवेदनको आधारमा विपद संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड-२०८१ को दफा १० मा भएको व्यवस्था अनुसार दंगीशरण गाउँपालिकाको स्थानीय विपद कोषमा विनियोजन गरिएको बजेटबाट राहत तथा उद्दार स्वरूप देहायबमोजिमको रकम प्रदान गर्ने ।

**तपसिल**

| क्र.सं. | घरमूलिको नाम, थर | ठेगाना | क्षतिको विवरण | राहत रकम |
|---|---|---|---|---|
| १ | श्री हुम प्रसाद चौधरी | दंगीशरण-३ रावतगाउँ, दाङ | ३ कोठाको कच्ची २ तले घर क्षति | १५,०००/- |
| २ | श्री जुगमानी चौधरी | दंगीशरण-३ रावतगाउँ, दाङ | ३ कोठाको कच्ची २ तले घर क्षति | १५,०००/- |
| ३ | श्री बसन्तकुमार गौतम | दंगीशरण-५ सलौरा, दाङ | ४ कोठाको कच्ची घर पूर्णरूपमा क्षति | १५,०००/- |
| ४ | श्री पार्वती रोका | दंगीशरण-६ लेटार, दाङ | ६ कोठाको २ तले कच्ची घर क्षति | १५,०००/- |
| ५ | श्री डेशुराम चौधरी | दंगीशरण-७ श्रीगाउँ, दाङ | ४ कोठाको कच्ची घर पूर्णरूपमा क्षति | १५,०००/- |
| ६ | श्री हुर्मतबहादुर विश्वकर्मा | दंगीशरण-७ बाँका, दाङ | ४ कोठाको कच्ची घर पूर्णरूपमा क्षति | १५,०००/- |

**निर्णय**: माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

(ग) गाडी भाडामा लिने सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोरा**: कार्यालयको कामकाजलाई सहज बनाउन कार्यालयको गाडी नपुग भई थप गाडी भाडामा लिन आवश्यक भएकोले ।

**हुनु पर्ने निर्णय**: कार्यालयको कामकाजलाई सहज बनाउन कार्यालयको गाडी नपुग भई थप गाडी भाडामा लिन आवश्यक भएको हुँदा भाडा बापत मासिक रू. १,००,०००/- (अक्षरुपी एक लाख मात्र, कर तथा चालकको खाजा खर्च समेत) भुक्तानी गर्ने गरी लु.प्र.०३-००१ च ००८२ नम्बरको महिन्द्रा बोलेरो पिकअप गाडी यहि २०८२ साल मंसिर महिनाको १ गतेदेखि आगामी असाढ मसान्तसम्मको लागि भाडामा लिने गरी सम्झौता गर्न स्वीकृति प्रदान गर्ने ।

**निर्णय**: माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

**गाउँ कार्यपालिकाको**
**बैठक संख्या**: ४/२०८२/०८३
**मिति** २०८२/०८/१० **को**
**निर्णय प्रमाणित।**

कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत